मानेभन्ज्याङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मानेभन्ज्याङ, ओखलढुंगा

कोशी प्रदेश, नेपाल

सूचना नं.०२/०८०/०८१ मिति:२०८०/०९/२९

## दरखास्त आह्वान सम्बन्धी सूचना

यस कार्यालयको लागि अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रमको लागि तपसिलमा उल्लिखित पदमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट आवश्यक कागजातसहित सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्रमा यस कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं. | वि. नं. | पद | किसिम | माग संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १. | ०५/०८०/०८१ | समुदायमा आधारित पुनःस्थापना (सिविआर) सहजकर्ता | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको |
| २. | ०६/०८०/०८१ | | समावेशी (अपाङ्गता) | १ | |

१. उमेरः दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूराभई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गको हकमा ४० वर्ष )

२. दरखास्त दिने स्थानः मानेभन्ज्याङ गाउँपालिकाको कार्यालय ओखलढुंगा ।

३. दरखास्त दिने अन्तिम मितिः २०८०।१०।१४ गते (कार्यालय समयभित्र)।

४. आवेदन दस्तुरः रू ५००।- (प्रति विज्ञापन)

५. छनौटको किसिमः प्रारम्भिक योग्यताक्रम सूची प्रकाशन,लिखित परीक्षा कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता ।

६. आवेदन साथ संलग्न कागजातहरूः आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपि (क) नेपाली नागरिकताको प्रमाण-पत्र (ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क र चारित्रिक प्रमाणपत्र (घ) कामसँग सम्बन्धित अनुभव भए सोको कागजात (ङ) कम्तीमा ३ महिने आधारभुत कम्प्युटर तालिमको प्रमाण-पत्र (च) २ प्रति पासपोर्ट साइजको फोटो ।

७. सेवा सुविधा तथा अन्यः कार्यालयले तोके बमोजिम ।

८ .पाठ्यक्रम/कार्यविवरण/दरखास्त फारामः वेभसाइट www.manebhanjyangmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

९. विशेष व्यवस्थाः समुदायमा आधारित पुनः स्थापना सहजकर्ताहरूको छनोटपश्चात दुई महिनाको समुदायमा आधारित पुनः स्थापना तालिम हुनेछ। तालिम अवधिभर तलव पारिश्रमिक पाइने छैन। तर, उक्त तालिम अवधिभरको लागि खाने बस्ने व्यवस्था मिलाइनेछ।

थप जानकारीको लागि मोवाइल नं.९८५२८४४४०८/९८४४३९९८०४ मा सम्पर्क गर्न सकिनेछ ।

२०८०।०९।२९
दिलिप कुमार मगर
अधिकृतस्तर छैटौं

"व्यवसायिक र सृजनशील प्रशासनःविकास समृद्धि र सुशासन"
Website: www.manebhanjyangmun.gov.np, Email:-ito.manebhanjyangmun@gmail.com, phone: 9852820002, 9852844408

CamScanner

## अनुसूची —६
## (दफा १८ को उपदफा (४) सँग सम्बन्धित)

**<u>समुदायमा आधारित पुनःस्थापना सहजकर्ता पदको लागि तोकिएको कार्य विवरण</u>**

१. स्थानीय तहको सम्वन्धित महिला तथा वालवालिका शाखा प्रमुखको सुपरिवेक्षणमा स्थानीय तहले तोकेको वडामा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम कार्यान्वयन गर्ने।

२. स्थानीय तहको सम्बन्धित वडामा रहेका अपाङ्गता भएका वालवालिका तथा वयस्क व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गर्ने र सो तथ्याङ्कलाई नियमित रुपमा अद्यावधिक गर्ने।

३. स्थानीय तहको सम्बन्धित वडामा रहेका अपाङ्गता भएका वालवालिका तथा वयस्क व्यक्तिहरूको अवस्थाको प्रारम्भिक जाँच गरी उनीहरूको पुनःस्थापना योजना सहितको व्यक्तिगत प्रोफायल तयार गर्ने तथा सो को नियमित अद्यावधिक गर्ने।

४. अपाङ्गता भएका बालवालिका तथा वयस्क व्यक्तिहरू र उनीहरूका अभिभावकहरूलाई नियमित भेटघाट गरी पुनःस्थापना सेवा, परामर्श र सरसल्लाह प्रदान गर्ने तथा उपचार गर्न आवश्यक व्यक्तिहरूको विवरण तयार गरी उपचारका लागि सम्वन्धित अस्पताल तथा सेवा केन्द्रहरूमा अभिभावक समेत समावेश गरी पठाउने वा लैजाने।

५. फिजियोथेरापी आवश्यक भएका अपाङ्गता भएका वालवालिका तथा वयस्क व्यक्तिहरूलाई नियमित रुपमा आधारभूत थेरापी सेवा प्रदान गर्न सहजीकरण गर्ने ।

६. सहायक सामग्री आवश्यक भएका अपाङ्गता भएका व्यक्तिहरूको लगत तयार गरी सो सेवाका लागि सम्बन्धित निकाय तथा सेवा केन्द्रहरूसँग समन्वय र पहल गर्नुका साथै स्थानीय तहले खरिद गरेका सहायक सामग्रीहरूको वितरणमा सहजीकरण गर्ने र सो को प्रयोगको अवस्था नियमित रूपमा अद्यावधिक गर्ने ।

७. स्थानीय तहमा रहेका अपाङ्गता भएका सम्पुर्ण व्यक्तिहरूलाई नेपाल सरकारले उपलब्ध गराउने अपाङ्गता परिचय – पत्र बनाउन र स्वास्थ्य बिमा कार्यक्रममा सहभागी गराउन सहयोग गर्नुका साथै नेपाल सरकारले तोके बमोजिमको सामाजिक सुरक्षा भत्तामा पहुँच पुऱ्याउन आवश्यक सहजीकरण गर्ने।

८. विद्यालयसम्म पुगेर पढ्न सक्ने अवस्थामा रहेका तर विभिन्न कारणले विद्यालय नगएका अपाङ्गता भएका वालवालिकालाई विद्यालयमा भर्ना गर्ने व्यवस्था मिलाउने। विद्यालय जान नसक्ने तर घरमा पढ्न सक्ने अपाङ्गता भएका वालवालिकालाई घरमै पढ्नका लागि आवश्यक बन्दोबस्त मिलाउने। अपाङ्गता भएका वालबालिकाहरूका लागि निःशुल्क शिक्षा तथा सरकारले तोके बमोजिमको छात्रवृत्तिमा पहुँच पुऱ्याउन सहजीकरण गर्ने।साथै, प्रत्येक अपाङ्गता भएका वालवालिकाको वार्षिक शैक्षिक प्रगति नियमन गरी सो को रेकर्ड राखे।



CamScanner

९. सुस्त श्रवण, दृष्टिविहीन, बौद्धिक अपाङ्गता भएका बालबालिका लगायतका समावेशी वा विशेष शिक्षा आवश्यक भएका बालबालिकाहरूलाई नेपाल सरकारद्वारा सञ्चालन गरिएको विशेष शिक्षा कार्यक्रममा समाहित गर्न सहजीकरण गर्ने।

१०. विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सबैको पहुँचयुक्त बनाउन पहल गर्ने।

११. विपन्न अवस्थामा रहेका अपाङ्गता भएका बालबालिका तथा वयस्क व्यक्तिहरूका परिवारको पहिचान गरी उनीहरूलाई आय आर्जन कार्यक्रममा समावेश गर्ने व्यवस्था मिलाउने।

१२. अपाङ्गता भएका बालबालिका तथा महिलाहरूमाथी हुनसक्ने वा भइरहेको दुर्व्यवहार तथा विभेदको पहिचान गरी न्यायका लागि सहयोग र सहजीकरण गर्ने।

१३. व्यावसायिक तालिम लिन इच्छुक अपाङ्गता भएका व्यक्ति तथा अपाङ्गता भएका बालबालिकाहरूका अभिभावकहरूको पहिचान गरी उनीहरूलाई व्यावसायिक तालिम प्रदान गर्नका लागि सहजीकरण गर्ने।

१४. अपाङ्गता भएका बालबालिकाका अभिभावकहरू तथा अपाङ्गता भएका वयस्क व्यक्तिहरू समावेश भएको मिलिजुली समूहहरू गठन गर्ने र सोही समूहसँगको सहकार्यमार्फत आय आर्जन कार्यक्रमका साथै अपाङ्गता भएका व्यक्तिहरूको पुनःस्थापना सम्वन्धी विभिन्न कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने।

१५. सम्बन्धित वडामा गठन भएका/हुने मिलिजुली समूहहरू मार्फत बचत तथा ऋण कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने।

१६. मिलिजुली समूहहरूको नेतृत्व तथा क्षमता विकासका लागि विभिन्न प्रकारका तालिम तथा कार्यक्रमहरू सञ्चालनका लागि सहजीकरण गर्ने।

१७. अपाङ्गता भएका व्यक्तिहरूको पुनःस्थापना र उनीहरूका अधिकार सम्वन्धी जनचेतना जगाउने खालका विभिन्न कार्यक्रमहरूको तर्जुमा गरी सो को कार्यान्वयन गर्ने।

१८. अपाङ्गता भएका व्यक्तिहरूको संस्था (ओ.पि.डी.), अपाङ्गता सहायता कक्ष स्थापना भएका स्थानीय तहमा रहेका अपाङ्गता सहायता सहजकर्ता र अपाङ्गताका क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने।

१९. अपाङ्गता भएका बालबालिका तथा वयस्क व्यक्तिहरूको पुनःस्थापनाका लागि गर्नुपर्ने कामको वार्षिक, त्रैमासिक र मासिक कार्ययोजना तर्जुमा गर्न महिला तथा बालबालिका शाखा प्रमुखलाई सहयोग गर्ने।

२०. मासिक र त्रैमासिक कार्य प्रगतिको प्रतिवेदन तयार गरी सुपरिवेक्षक र आफू कार्यरत वडाका वडाध्यक्षलाई पेश गर्ने।

२१. सम्बन्धित वडामा अपाङ्गता भएका व्यक्तिहरूको पुनःस्थापना कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजनका लागि सरोकारवाला निकायहरूसँग समन्वय तथा पैरवी गर्ने।

२२. सुपरिवेक्षकको निर्देशन बमोजिमका कार्यक्रमसँग सम्बन्धित अन्य आवश्यक कार्यहरू गर्ने।



CamScanner